# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०३।१७ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

---

जिल्ला रूपन्देही मर्चवारी गाउँपालिका वडा नं.१ बस्ने रामराज यादवले मिति २०७६।०२।३२ गते प्रहरी चेकिङको क्रममा जिल्ला रूपन्देही सि.न.पा.वडा नं.६ गल्लामण्डीबाट अनुसन्धानको क्रममा दाखिला हुन आएको २ वटा भारतीय मोटरसाइकलहरू छुटाउनको लागि भनी जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रहरीलाई रू.१०,०००।—(दस हजार) घुस रकम दिन खोज्दा प्रहरीले उक्त घुस दिन ल्याएको रकम सहित निज रामराज यादवलाई पक्राउ गरी आवश्यक कारवाहीको लागि दाखिला हुन आएकोमा सो सम्बन्धमा अनुसन्धान हुँदा निज रामराज यादवले जिल्ला प्रहरी कार्यालय, रूपन्देहीमा अनुसन्धानको सिलसिलामा राखिएका भारतीय नम्बरका २ वटा मोटरसाइकलहरू छुटाउनको लागि भनी रू.१०,०००।— (दस हजार) घुस रिसवत दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुर गरेको स-प्रमाण पुष्टि भएकोले निज रामराज यादवलाई विगो रू.१०,०००।—(दस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई मिति २०७६।०३।१६ गते विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता